प्रमुख सचिव

# खाद्य परिषद् गठन तथा सञ्चालन नियमावली, २०७९

प्रस्तावना: मधेश प्रदेशमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको हकको संरक्षण, प्रवर्द्धन तथा परिपुर्ति गर्ने प्रयोजनका लागि प्रदेश खाद्य परिषद् गठन, सो परिषद्को सञ्चालन विधि तथा काम, कर्तव्य र अधिकार निर्धारण गर्न आवश्यक भएकाले,

खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ को दफा ३४ र दफा ३५ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम **"खाद्य परिषद् गठन तथा सञ्चालन नियमावली, २०७९"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले मधेश प्रदेश खाद्य परिषद् सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

(ङ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले परिषद्को सचिवालय सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले मधेश प्रदेश भित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका सम्झनु पर्छ।

(झ) "ऐन" भन्नाले "खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५" सम्झनु पर्छ।

डा. नम्रता सिंह
सचिव

## परिच्छेद-२

### परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

प्रमुख सचिव

**३. परिषद्को गठन:** (१) मधेश प्रदेशमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको हकलाई संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्ने प्रयोजनका लागि देहाय बमोजिम मधेश प्रदेश खाद्य परिषद्को गठन हुनेछ:-

| | | |
|---|---|---|
| (क) | मन्त्री, कृषि विषय हेर्ने मन्त्रालय | - अध्यक्ष |
| (ख) | सदस्य (कृषि क्षेत्र हेर्ने), प्रदेश नीति तथा योजना आयोग | - सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालय | - सदस्य |
| (च) | सचिव, कृषि विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, उद्योग वाणिज्य र आपूर्ति हेर्ने मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, स्वास्थ्य विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (झ) | प्रतिनिधि, गाउँपालिका महासंघ (प्रदेशस्तर) | - सदस्य |
| (ञ) | प्रतिनिधि, नगरपालिका संघ (प्रदेशस्तर) | - सदस्य |
| (ट) | प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ (प्रदेशस्तर) | - सदस्य |
| (ठ) | प्रतिनिधि, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (ड) | किसान प्रतिनिधि, (जिल्ला समन्वय समिति महासंघको सिफारिसमा मन्त्रालयद्वारा मनोनित) | - सदस्य |
| (ढ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश कार्यालय | - सदस्य |
| (ण) | खाद्य सुरक्षा महाशाखा प्रमुख | - सदस्य-सचिव |

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

डा. सचिव
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, जनकपुर

**४. परिषद्‌को काम, कर्तव्य र अधिकार:**

(१) परिषद्‌का काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्रदेशमा खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य तथा पोषण सुरक्षा लगायतका विषयमा आवश्यक नीति तथा कानुन तर्जुमा र भैरहेको नीति तथा कानुनमा सुधारका लागि समन्वय, सहजिकरण तथा सिफारिस गर्ने ।

(ख) प्रदेश सरकारका नीतिगत प्राथमिकताको आधारमा खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक योजना, रणनीति वा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, गराउन समन्वय तथा सहजिकरण गर्ने,

(ग) प्रदेशभित्र खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत र अद्यावधिक अभिलेख राख्न समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(घ) प्राकृतिक प्रकोप एवं अन्य विपद्‌का कारणले कुनै क्षेत्रमा खाद्य संकट उत्पन्न भएमा शिघ्र खाद्यको उपलब्धता र पहुँच बढाउन पहल गर्ने,

(ङ) विपद्‌को समयमा प्रभावित व्यक्ति, परिवार, समुदाय र क्षेत्रमा प्रदान गरिने खाद्य सहायता सम्बन्धी मापदण्डहरुको परिपालना भए नभएको अनुगमन गरी सुधारका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(च) प्रदेशस्तरमा आपतकालिन खाद्य तथा पोषण सहायता उपलब्ध गराउन खाद्य भण्डारण सुविधाको आवश्यकतानुसार सुदृढिकरण, स्थापना तथा विस्तार गरी खाद्यको सञ्चिति र समुचित वितरण प्रणालीको व्यवस्था मिलाउन खाद्य व्यापार तथा व्यवस्था कम्पनीसँग समन्वय तथा सहजिकरण गर्ने,

(छ) प्राकृतिक प्रकोप तथा अन्य विपद्‌को समयमा खाद्य तथा पोषण सुरक्षा सम्बद्ध सरकारी, गैर सरकारी एवं नीजि क्षेत्रमा उपलब्ध श्रोत, साधन र जनशक्तिको परिचालन गर्ने गराउने।

(ज) प्रदेशमा खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धनका लागि राष्ट्रिय खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समितिहरुसंग समन्वय र सहकार्य गर्ने,

(झ) प्रदेशको खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने वा गराउने,

(ञ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता अधिकारको स्थितिको नियमित अनुगमन गर्ने तथा सम्बन्धित नीति, योजना तथा कार्यक्रम कार्यान्वयन अवस्थाको समिक्षा गर्ने,

(ट) खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य तथा पोषण सुरक्षा समेतका विषयमा जनचेतना अभिबृद्धि गर्न तथा नागरिक शिक्षाको प्रवर्द्धन गर्ने भूमिका निर्वाह गर्ने,

(ठ) स्थानिय खाद्य समन्वय समितिको गठन तथा समितिहरुको प्रभावकारी सञ्चालनका लागि समन्वय तथा सहजिकरण गर्ने ।

(ड) परिषद्को उदेश्यसंग सरोकार राख्ने विषयमा विकास साझेदार, राष्ट्र संघीय निकाय, नागरिक समाज तथा निजि क्षेत्रसँग समन्वय गर्ने,

(ण) प्रदेश सरकारका विद्यमान नीति, योजना, कार्यक्रम तथा परियोजनाको खाद्य प्रणालीमा प्रभावको मूल्यांकन गरी तिनमा समायोजन र परिमार्जनका लागि पहल गर्ने,

(त) नियमावली कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने कार्यविधि वा मापदण्ड बनाएर लागु गर्ने ।

(२) जिल्लास्तरमा परिषद्को काम कारवाहीलाई छिटो, छरितो एवं प्रभावकारी रुपमा सञ्चालन गर्न परिषद्ले जिल्ला विपद व्यवस्थापन समिति र जिल्ला समन्वय समितिसँग समन्वय गर्नेछ ।

## परिच्छेद- ३

## परिषद्को बैठक तथा निर्णय

**५. बैठक र निर्णय सम्बन्धी व्यवस्था:** परिषद्को बैठक सञ्चालन तथा निर्णय सम्बन्धी प्रकृया देहाय बमोजिम हुनेछ:-

(क) बैठक वर्षको कम्तिमा तीन पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । आपतकालिन बैठक कुनै बेला पनि बस्न सकिनेछ ।

(ख) सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची बैठक बस्नु अगावै सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(ग) तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बरिष्ठतम् सदस्यले गर्नेछ।

(ङ) बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा सम्बन्धित निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(च) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(छ) सदस्य-सचिवले बैठकको निर्णयको अभिलेख राख्नुपर्नेछ ।

(झ) बैठक सम्बन्धी अन्य विधि तथा प्रकृया परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. बैठक भत्ता तथा सुविधा:** यस नियमावली अन्तर्गतका पदाधिकारी, सदस्य तथा विषय विज्ञले प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछ ।

## परिच्छेद ४

## विविध

**७.प्रदेश खाद्य सुरक्षा सुचना तथा समन्वय समिति: (१)** खाद्य सुरक्षा सम्बन्धि सुचना संकलन तथा विश्लेषण गर्न, सुचना प्रवाहलाई प्रभावकारी बनाउन परिषद्को मातहतमा सञ्चालन हुनेगरी एक प्रदेश खाद्य सुरक्षा सुचना तथा समन्वय समिति मन्त्रालयमा रहनेछ ।

**८.समिति वा उपसमिति वा कार्यदल वा विज्ञ समुह गठन गर्न सक्ने:** (१) परिषद्को काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न आवश्यकतानुसार समिति, उपसमिति, कार्यदल वा विज्ञ समुह गठन गर्न वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा निजसंग परिषद्ले सम्बन्धित विषयमा राय परामर्श लिन सक्नेछ ।

(२) उपदफा (१) बमाजिम समिति, उपसमिति, कार्यदल वा विज्ञ समुह गठन गर्दा वा विषय विशेषज्ञ तोक्दाका वखत नै परिषद्ले स्पष्ट कार्यक्षेत्रगत शर्त (टर्म्स अफ रिफ्रेन्स) निर्धारण गरेर सोही बमोजिम कार्य गराउनेछ ।

**९. अधिकार प्रत्यायोजन:** (१) परिषद्ले आवश्यकता र औचित्यताको आधारमा केही अधिकार परिषद्को कुनै सदस्य, उप-समिति, कार्यदल, विज्ञ समूह वा मन्त्रालयका कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०.सम्पर्क गर्ने:** परिषद्ले संघीय र स्थानीय तहका सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**११. परिषद्को सचिवालय, कर्मचारी तथा वजेट:** (१) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ ।

(२) सचिवालयको कार्य सञ्चालन तथा परिषद्का गतिविधि कार्यान्वयन गर्न आवश्यक पर्ने कर्मचारी, वजेट लगायतका स्रोत साधनको प्रबन्ध मन्त्रालय वा प्रदेश सरकारले गर्नेछ ।

**१२. बाधा अडकाउ फुकाउने:** यो आदेश कार्यान्वयन गर्ने कममा कुनै द्विविधा उत्पन्न भइ कार्यान्वयन गर्न बााधा अडकाउ भएमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१२. नियमावलीमा संशोधन:** नियमावलीको कुनै प्रावधान संशोधन गर्न आवश्यक भएमा मन्त्रालयले परिषद्सँगको समन्वयमा प्रदेश मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्न सक्नेछ ।